महाराजगंज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
महाराजगंज, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या: २०८०/०८१
चलानी नं: १२८

मिति: २०८०/१०/०५

श्री धार्मिक विद्यालय (सबै),
महाराजगंज नगरपालिका, कपिलवस्तु ।

**विषय: धार्मिक विद्यालयको अनुदान रकम माग गर्ने सम्बन्धमा ।**

प्रस्तुत सम्बन्धमा यस नगरपालिका अन्तर्गत धार्मिक विद्यालयको रुपमा नियमित संचालनमा रहि एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा (IEMIS) शैक्षिक वर्ष २०८० को तथ्याङ्क प्रविष्ट गरेका मदरसा तथा गुरुकुल विद्यालयहरुले आर्थिक वर्ष २०८०/०८१ मा नियमानुसार दोस्रो किस्ता वापतको लागि पाउनुपर्ने अनुदान रकम माग गर्न मिति २०८०/१०/१९ गते भित्र तपसिल बमोजिमका कागजातहरु यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । अधुरो तथा समयमा आवश्यक कागजात प्राप्त नभएमा अनुदान रकम निकासा नहुने व्यहोरा समेत यसै पत्र मार्फत जानकारी गराइन्छ ।

२०८०/१०/०५
रोशन घिमिरे
शिक्षा अधिकृत

<u>तपसिल:</u>

- वि.व्य.स. गठन भएको निर्णयको प्रतिलिपि ।
- शिक्षक वा मौलानाको नियुक्ति पत्र (तलब खुल्ने गरी) ।
- विद्यालयको अनुमति पत्रको प्रतिलिपि ।
- आ.व. २०७९/०८० को लेखा परीक्षण प्रतिवेदन ।
- आ.व. २०७९/०८० को सामाजिक परीक्षण प्रतिवेदन ।
- शैक्षिक वर्ष २०८० को निर्माण/ अद्यावधिक विद्यालय सुधार योजना ।
- शिक्षक वा मौलानाको नयाँ नियुक्तिको हकमा नियमानुसारको भर्ना प्रक्रियाको कागजातको प्रतिलिपि ।
- कर जम्मा गरेको प्रतिलिपि ।
- विद्यालय व्यवस्थापन समितिको निर्णय सहित अनुदान रकमको माग पत्र ।
- आ.व. २०७९/०८० मा निकासा भएको सम्पूर्ण अनुदान रकमको वील भरपाई तथा आवश्यक कागजातहरु ।